आज मिति २०७७ साल भदौ १८ गते बिहिबारका दिन बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरी भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८. | श्री भगवति श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | |

सहजकर्ता : श्री जीतेन्द्र गिरी अधिकृत छैठौं

: श्री चन्द्रिका थापा का.स.

: श्री सुरेश कुमार कराल

**प्रस्तावहरुः**

१. कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समिति तथा कार्यपालिकाको बैठक सम्बन्धमा ।
२. कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिको बैठकको निर्णयहरु संशोधन सहित अनुमोदन गर्ने सम्बन्धमा ।
३. स्वास्थ्य शाखा प्रमुखको काज फिर्ता सम्बन्धमा ।
४. सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत भुक्तानी गर्ने सम्बन्धमा ।
५. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ सम्बन्धमा ।
६. प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नति सम्बन्धमा ।
७. शान्ति सुरक्षा सम्बन्धमा ।

**निर्णयहरुः**

१. कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिको बैठक बसेपछि यथासक्य सोही दिन वा भोलिपल्ट तत्काल गाउँ कार्यपालिकाको बैठक बसी उक्त निर्णयहरुमाथि छलफल गरि आवश्यक निर्णय गर्ने ।
२. कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिको मिति २०७७/०५/१० मा बसेको बैठकको निर्णयहरु देहायबमोजिम संशोधन गरि अनुमोदन गर्ने ।
   (क) वडा नं. १ मा चन्द्रावती मा.वि. बेलघारीको स्वामित्वमा रहेको जग्गामा निर्माण हुने क्वारेन्टाइन भवनको लागत जनश्रमदान बाहेक रु.१५,००,०००/- (पन्ध्र लाख) गाउँपालिकाले व्यहोर्ने ।
   (ख) वडा नं. ११ लाम्पन्टारमा निर्माण हुने क्वारेन्टाइनको लागत जनश्रमदान बाहेक रु.५,००,०००/- (पाँच लाख) गाउँपालिकाले व्यहोर्ने ।
   (ग) सिन्धुलीमा निर्माणाधीन आइसोलेसन भवन निर्माणको लागि रु.५,००,०००/- ( पाँच लाख) आइसोलेसन भवन निर्माण उपभोक्ता समितिको राष्ट्रिय वाणिज्य बैंक सिन्धुली शाखाको च.हि.नं. १०६००१६२६४०१ मा प्रदान गर्ने ।
   (घ) वडा कार्यालयबाट सञ्चालन हुने सेवालाई आवश्यक स्वास्थ्य सुरक्षा अपनाई नियमित रुपमा सञ्चालन गर्ने ।
   (ङ) सर्भे, डिजाइन, लागत अनुमान तयार भएका योजनाहरुको सम्भौताको कार्य अघि बढाउने ।
   (च) समितिका अन्य निर्णयहरु साविक बमोजिम नै कायम रहने ।
३. हाल स्वास्थ्य शाखा संयोजकको रुपमा कार्यरत श्री रामवेचन साहलाई निजको साविक दरबन्दी रहेको स्थानमा काज फिर्ता गर्ने र उक्त शाखामा सि.अ.हे.व. मध्येबाट सबैभन्दा वरिष्ठ स्वास्थ्यकर्मीलाई शाखा संयोजकको जिम्मेवारी प्रदान गर्ने ।

४. यस चालु आ.व.मा सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत भुक्तानी गर्न आवश्यक तयारी गर्ने ।

५. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ विधेयक समितिमा छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

६. स्वास्थ्य चौकी, बाहुनतिल्पुङलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति गर्न सम्बन्धित निकायमा लेखि पठाउने ।

७. हाल यस गाउँपालिकाको केही क्षेत्ररमा अपरहण लगायत शान्ति सुरक्षामा खलल हुने गतिविधिहरु भई नागरिकहरुमा भय-त्रासको वातावरण सृजना भएकाले शान्ति सुव्यवस्था कायम गर्न निम्न बमाजिम गर्ने,

(क) यस गाउँपालिकाको केन्द्रमा ईलाका प्रहरी कार्यालय स्थापनाको माग गरी गृह मन्त्रालय लगायत सम्बन्धित निकायमा लेखि पठाउने ।

(ख) विद्यमान प्रहरी चौकीमा प्रहरीको दरबन्दी सङ्ख्या बढाउन वा दरबन्दी बमोजिम प्रहरी खटाउन अनुरोध गर्ने ।

(ग) हाल यस गाउँपालिकाको वडा नं. ५ मा रहेको प्रहरी चौकीको नाम बाङ्गरिङ प्रहरी चौकी भएकोले उक्त प्रहरी चौकीको नाम संशोधन गरी मझुवा दोभान प्रहरी चौकी, तीनपाटन-५ कायम गर्नको लागि सम्बन्धित निकायमा लेखि पठाउने ।